आकाशवाणी हो। समाचार

April 06, 2026

सुरुमा प्रमुख समाचार

- पश्चिम एसियाली द्वन्द्वको बीच, देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको सरकारको आश्वासन
- सरकारद्वारा जुन तीस-सम्म महत्वपूर्ण पेट्रोकेमिकल उत्पादनहरूमा पूर्ण भन्सार शुल्क छुट
- इरानद्वारा नागरिक निशानाहरूमा फेरि आक्रमण भए अझ विनाशकारी बदलाको चेतावनी
- आईपीएल क्रिकेटमा, आज साँझ कोलकाता नाइट राइडर्सको पञ्जाब किंग्स सँग भिडन्त
- अब समाचार विस्तारमा।

GOVT-WEST ASIA BRIEF

सरकारले आज पश्चिम एसियाली द्वन्द्वको बीच, देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको आश्वासन दिएको छ। उपभोक्ता मामिला विभागका अतिरिक्त सचिव अनुपम मिश्र◌ाले, नयाँ दिल्लीमा पश्चिम एसियामा हालैका विकासक्रमहरूमा अन्तर-मन्त्रीस्तरीय ब्रीफिंगलाई सम्बोधन गर्दै, आवश्यक वस्तुहरूको मूल्यमा सामान्य अस्थिरता नभएको बताउनुभयो। उहाँले देशमा दालको उत्पादन अघिल्लो वर्षको तुलनामा बढी भएको र सरकारले वस्तुहरूको मूल्य र आपूर्तिको निगरानी गरिरहेको बताउनुभयो।

खाद्य तथा सार्वजनिक वितरण विभागकी सहसचिव सी. शिखाले देशमा गहुँ र चामल दुवैको पर्याप्त

बफर स्टक रहेको र सरकारले राष्ट्रिय खाद्य सुरक्षा ऐन अन्तर्गत कमजोर जनसंख्यालाई खाद्यान्नको पहुँच प्रदान गर्न जारी राखेको कुरामा जोड दिनुभयो।

ATR-Customs

सरकारले पश्चिम एसियामा जारी संकटको बीचमा यस वर्ष जुन तीस-सम्म महत्वपूर्ण पेट्रोकेमिकल उत्पादनहरूमा पूर्ण भन्सार शुल्क छुट दिने निर्णय गरेको छ। घरेलु उद्योगको लागि महत्वपूर्ण पेट्रोकेमिकल इनपुटहरूको निरन्तर उपलब्धता सुनिश्चित गर्न र देशमा आपूर्ति स्थिरता कायम राख्न यो उपाय अस्थायी र लक्षित राहतको रूपमा लिइएको हो। यस छुटले पेट्रोकेमिकल र प्लास्टिक, कपडा र औषधि जस्ता मध्यवर्ती उत्पादनहरूमा निर्भर रहेका धेरै क्षेत्रहरूलाई फाइदा पुग्ने अपेक्षा गरिएको छ। यसले अन्तिम उत्पादनको उपभोक्ताहरूलाई पनि राहत प्रदान गर्नेछ।

State Assembly elections

आसाम, केरलम र पुडुचेरीमा हुने विधानसभा चुनावको प्रचार अभियान भोलि समाप्त हुने भएकोले विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूले मतदाताहरूसम्म पुग्न अन्तिम प्रयास गरिरहेका छन्। आसाममा एक सय छब्बीस, केरलममा एक सय चालीस र पुडुचेरीमा तीस सिटको लागि बिहीबार एकै चरणमा मतदान हुनेछ। वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान आसामको बारपेटामा एक विशाल जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले आसाममा भाजपाले लगातार तेस्रो

कार्यकालको लागि सरकार बनाउने विश्वास व्यक्त गर्नुभयो ।

यसका साथै, वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज, पुडुचेरीमा औद्योगिक करिडोर विकास गर्ने र केन्द्र शासित प्रदेशलाई ब्लू इकोनोमी हबको रूपमा प्रवर्द्धन गर्ने योजनाहरू चलिरहेको बताउनुभयो। उहाँले विकास पहलहरूलाई प्रकाश पार्दै, पुडुचेरीमा तीन लाख युनिट वार्षिक उत्पादन क्षमता भएको ल्यापटप उत्पादन एकाइ स्थापना गरिएको बताउनुभयो।

RS-Chairman-oath

राज्यसभाका अध्यक्ष सीपी राधाकृष्णनले आज माथिल्लो सदनका नवनिर्वाचित सदस्यहरूलाई शपथ ग्रहण गराउनुभयो। केन्द्रीय राज्यमन्त्री रामदास बन्दु अठावले र वरिष्ठ एनसीपी (एससीपी) नेता शरदचन्द्र पवारले राज्यसभा सदस्यको रूपमा शपथ लिनुभयो। दुवै नेताहरू महाराष्ट्रबाट सदनमा पुन: निर्वाचित भएका हुन्। राज्यसभा अध्यक्षले सन्त्रुप्त मिश्रा, मनमोहन समल, डा. ज्योति नागनाथ वाघमारे, रामराव सखाराम वडकुटे लगायत अन्य नवनिर्वाचित सदस्यहरूलाई पनि शपथ ग्रहण गराउनुभयो।

Rajnath Singh

रक्षामन्त्री राजनाथ सिंहले आज, देशका सैनिकहरूलाई उत्तम स्वास्थ्य सुविधा प्रदान गर्नु सरकारको

सर्वोच्च प्राथमिकता रहेको बताउनुभयो। उहाँले सैनिकहरूले दिनरात, प्रतिकूल मौसम अवस्था र हरेक परिस्थितिमा राष्ट्रको सेवा गर्छन् भनेर, नयाँ दिल्लीमा आर्मी मेडिकल कोर स्थापना दिवसलाई सम्बोधन गर्दै यी टिप्पणीहरू गर्नुभयो। उहाँले सेनाहरूले जता पनि राम्रो चिकित्सा सुविधाहरूमा पहुँच पाउन सकून् भनेर, देशका अन्य भागहरूमा पनि अनुसन्धान र रेफरल अस्पताल जस्ता सुविधाहरूको विकासमा जोड दिनुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।

NCW-Akashvani

राष्ट्रिय महिला आयोगकी अध्यक्ष विजया रहाटकरले आज नयाँ दिल्लीमा आकाशवाणीद्वारा आयोजित महिला केन्द्रित मुद्दा र सशक्तिकरण पहल सम्बन्धी कार्यशालालाई सम्बोधन गर्नुभयो। सुश्री रहाटकरले भारतमा महिलाको सुरक्षा र मर्यादा सुनिश्चित गर्न बलियो कानून रहेको र प्रत्येक महिलालाई कानून अन्तर्गत आफ्नो अधिकार प्रयोग गर्न सल्लाह दिनुभयो। आकाशवाणीको समाचार सेवा विभागका महानिर्देशक धीरज एम. काकडियाले भेलालाई सम्बोधन गर्दै, शोषणको लागि शून्य सहनशीलताका साथ कार्यस्थल सुरक्षित र न्यायपूर्ण हुनुपर्ने बताउनुभयो। उहाँले प्रत्येक महिलालाई उचित प्रक्रिया मार्फत उनीहरूको गुनासो सम्बोधन गरिने आश्वासन दिनुभयो। उहाँले आकाशवाणीले समर्पित श्रृंखला मार्फत महिला सशक्तिकरणमा कानुनी जागरूकता फैलाउन राष्ट्रिय महिला आयोगसँग संयुक्त पहल सुरु गर्ने घोषणा गर्नुभयो।

BJP-Foundation day

भारतीय जनता पार्टी (भाजपा) ले आज आफ्नो सैंतालिसौं स्थापना दिवस मनाउँदैछ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी, अमित शाह र पार्टी अध्यक्ष नितिन नवीन लगायत अन्य वरिष्ठ पार्टी नेताहरूले भाजपा कार्यकर्ताहरूलाई शुभकामना व्यक्त गर्नुभयो। श्री मोदीले एक भिडियो सन्देशमा, पार्टीले भारतीय राजनीतिमा राष्ट्र-प्रथमको नयाँ सिद्धान्त स्थापित गरेको बताउनुभयो। उहाँले पार्टी कार्यकर्ताहरूको निस्वार्थ सेवा, समर्पण र सुशासनप्रति प्रतिबद्धताको प्रशंसा गर्नुका साथै, दशकौंदेखि अनगिन्ती कार्यकर्ताहरूको योगदानलाई पनि सम्झनुभयो। उहाँले यस अवसरमा, भाजपाका संस्थापकहरू डा. श्यामा प्रसाद मुखर्जी, दीन दयाल उपाध्याय, नानाजी देशमुख, कुशाभाउ ठाकरे, अटल बिहारी वाजपेयी, डा. लालकृष्ण आडवाणी र मुरली मनोहर जोशीलाई पनि सम्झनुभयो।

Iran war

इरानले देशका नागरिक निशानाहरूमा फेरि आक्रमण भएमा अझ विनाशकारी बदलाको चेतावनी दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भोलि स्ट्रेट अफ होर्मुज पुन: खोल्ने आफ्नो समयसीमा पूरा गर्न असफल भएमा इरानको पावर प्लान्ट र पुलहरू ध्वस्त पार्ने धम्की दिएपछि यो चेतावनी आएको हो। पश्चिम एसियाको बढ्दो द्वन्द्वको बीचमा प्रमुख विश्वव्यापी ढुवानी मार्ग प्रभावकारी रूपमा बन्द छ। इरानका सर्वोच्च नेता अली अकबर भेलायतीका सल्लाहकारले, प्रतिरोध मोर्चाले एक संकेत मै बाब अल-मन्डेब स्ट्रेटलाई लक्षित गर्दै, विश्वव्यापी ऊर्जा र व्यापारलाई बाधा पुर्‍याउन सक्ने बताए। लाल सागरलाई एडेनको खाडीसँग जोड्ने बाब अल-मन्डेब स्ट्रेट एट्लान्टिक, हिन्द महासागर र भूमध्यसागर

बीचको ढुवानीको लागि एक प्रमुख बिन्दु हो। अर्कोतर्फ, इरानको राजधानी तेहरान हिजो राति श्रृंखलाबद्ध हवाई आक्रमणमा पर्दा, कम्तिमा तेह्र जनाको मृत्यु भएको थियो।

IPL

आईपीएल क्रिकेटमा, कोलकाता नाइट राइडर्सले आज साँझ कोलकाताको इडेन गार्डेनमा पञ्जाब किंग्सको सामना गर्नेछ। खेल साँझ सात तीस बजे सुरु हुनेछ।

अन्त्यमा प्रमुख समाचार पुनः एकपटक

- पश्चिम एसियाली द्वन्द्वको बीच, देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको सरकारको आश्वासन
- सरकारद्वारा जुन तीस-सम्म महत्वपूर्ण पेट्रोकेमिकल उत्पादनहरूमा पूर्ण भन्सार शुल्क छुट
- इरानद्वारा नागरिक निशानाहरूमा फेरि आक्रमण भएमा अझ विनाशकारी बदलाको चेतावनी
- आईपीएल क्रिकेटमा, आज साँझ कोलकाता नाइट राइडर्सको पञ्जाब किंग्स सँग भिडन्त